# रसुवाको भोटेकोशी बाढीसम्बन्धी खोज, उद्धार तथा राहत अपडेट-२०८३

## स्थिति प्रतिवेदन # ०७

(मितिः २०८३ भदौ १२ गते साँझ ७ बजे सम्मको)

यो प्रतिवेदन राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण (NDRRMA) ले जिल्ला प्रशासन कार्यालय, जिल्ला तथा राष्ट्रिय आपत्कालीन कार्य सञ्चालन केन्द्रहरूबाट प्राप्त विवरणका आधारमा तयार गरेको हो। प्रतिवेदनमा रसुवाको भोटेकोशी बाढीबाट सिर्जित आपत्कालीन अवस्था तथा खोज तथा उद्धारका क्रममा भएका प्रमुख कार्यहरू समेटिएका छन्।

## मुख्य विवरण


- बाढी प्रभावित क्षेत्रमा खोज, उद्धार, आपत्कालीन स्वास्थ्य सेवा, सञ्चार तथा विद्युत् पुनःस्थापना, सडक सञ्जाल सञ्चालन, राहत वितरण, अन्तर्राष्ट्रिय सहायता र सूचना व्यवस्थापनलाई द्रुत एवं प्रभावकारी बनाउन १२ वटा विषयगत आपत्कालीन समन्वय टोलीहरू परिचालन गरिएको साथै नियमित अनुगमन गरिएको।
- विषयगत सरकारी निकाय, सहयोगी संस्था, विकास साझेदार, नागरिक समाज तथा निजी क्षेत्रसँग राहत सामग्री सङ्कलन, सहयोग र व्यवस्थापनका सम्बन्धमा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको बैठक बसी तत्काल आवश्यक राहत वितरण गर्न निर्देशन दिइएको छ।
- चीनमा अलपत्र पर्नुभएका नेपाली नागरिकहरूलाई नेपाल फर्कन सहजीकरणका लागि देहायबमोजिमको ठेगानामा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।
    - नेपाली महावाणिज्यदूतावास, ल्हासाः युवराज क्षेत्री (+८६ १३५४९०६७४८१), cgnlhasa@mofa.gov.np
    - नेपाली राजदूतावास, बेइजिङः सन्जु महर्जन (+८६ १८६१८१२९२१७), राज कुमार साह (+८६१८६१०३९४६८७), beijing@nepalembassy.org.cn
- आपत्कालीन राहत संकलन तथा वितरणका लागि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, मैथली ब्यारेक (नुवाकोट) र नेपाल प्रहरी विपद् प्रतिकार्य तथा तालिम केन्द्र (सामाखुसी) स्थापना गरिएको।
- हालसम्म त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल आपत्कालीन गोदामघरबाट खाद्य तथा गैरखाद्य सामग्रीसहित १३ ट्रकभन्दा बढि सामग्री पठाइएको र जिल्ला प्रशासन कार्यालयले तहाँको आवश्यकता अनुसार वितरण गर्ने प्रबन्ध मिलाएको।
- विभिन्न संघसंस्था, निजी क्षेत्रबाट समेत सिधै जिल्ला प्रशासन कार्यालयसँग समन्वय गरी राहत सामग्री प्राप्ति र वितरणको काम भइरहेको।

## अवशिष्ट जोखिम (थप हुनसक्ने जोखिम)

मिति २०८३/०५/११ बिहान ११:४४ बजेको स्याटेलाइट तस्बिरको प्रारम्भिक विश्लेषणबाट रसुवागढी नाकाबाट करिब १८ किलोमिटर माथिल्लो तटीय क्षेत्रमा ल्हेन्दे खोलाको बहाव अवरुद्ध भई करिब ०.११ वर्ग किलोमिटर क्षेत्रफलमा ताल बनेको देखिएको छ। उक्त तालको प्राकृतिक बाँध फुटी पुनः ठूलो बाढी आउन सक्ने जोखिम अझै कायम रहेकाले तल्लो तटीय क्षेत्रका बासिन्दा तथा सम्बन्धित सबैलाई आवश्यक सतर्कता अपनाउन र उच्च सावधानीका साथ रहन अनुरोध गरिन्छ। उक्त क्षेत्रमा थप तालहरू हुन सक्ने प्रारम्भिक अनुमान गरिएको छ।




## सेतु (SETU) एपमार्फत सम्पर्कविहीन व्यक्तिहरूको ट्र्याकिङ





# रसुवाको भोटेकोशी बाढीसम्बन्धी खोज, उद्धार तथा राहत अपडेट-२०८३

## स्थिति प्रतिवेदन # ०७

(मितिः२०८३ भदौ १२ गते साँझ ७ बजे सम्मको)

यो प्रतिवेदन राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण (NDRRMA) ले जिल्ला प्रशासन कार्यालय, जिल्ला तथा राष्ट्रिय आपत्कालीन कार्य सञ्चालन केन्द्रहरूबाट प्राप्त विवरणका आधारमा तयार गरेको हो। प्रतिवेदनमा रसुवाको भोटेकोशी बाढीबाट सिर्जित आपत्कालीन अवस्था तथा खोज तथा उद्धारका क्रममा भएका प्रमुख कार्यहरू समेटिएका छन्।

## क्षति (हानी तथा नोक्सानी)

### मानवीय क्षति

शव फेला परेको ५७९ जना

- रसुवा : १२
- नुवाकोट : ३७
- धादिङः ४०
- गोरखा :४६ (विभिन्न मानव अङ्ग सहित)
- नवलपरासी पूर्व :१५४
- नवलपरासी पश्चिमः २७
- तनहुँः ३०
- चितवनः २३३

### सम्पर्क विहिनः १,९२४ जना

- नेपाल प्रहरी : २७ जना
- नेपाल सेनाः ४५ जना
- सशस्त्र प्रहरी बल नेपाल :१३ जना
- भन्सार कार्यालय : १५ जना
- अध्यागमन कार्यालय : १५ जना
- रसुवा : १६१ जना (DEOC बाट प्राप्त)
- नुवाकोट :१ जना (DEOC बाट प्राप्त)
- जलविद्युत आयोजनाहरूबाट : ९,३३ जना
- मकवानपुर : ६६ जना (DEOC बाट प्राप्त)
- सम्पर्क विहिन विदेशी नागरिक : ५१७ जना
- नेपाल घुम्न आएका विदेशमा बस्ने नेपाली नागरिक : १२७ जना
- लाङटाङ राष्ट्रिय निकुञ्ज : ३

१९८ वटा टेलिफोन टावरमा क्षति भएकोमा मर्मतपछि १४५ वटा सञ्चालनमा।

- अस्पतालमा उपचाररत घाइतेः १०१ जना
- सर्जिकल मेडिकल टिम समेत परिचालन।

## खोज तथा उद्धार

### सुरक्षाकर्मी परिचालनः १५,४३१

- नेपाल प्रहरी : ४,४७३ जना
- नेपाल सेनाः ६,७५५ जना
- सशस्त्र प्रहरी बल नेपाल :४,२०३ जना

### कुल उद्धारः ४,४५१ जना

- जम्मा उद्धार : ४,४५१ जना (जलविद्युतको सुरुङ्गबाट १९१ र आजको हवाई उद्धार ५१७ जना सहित)
- विदेशी नागरिक उद्धार : १२९ जना
- उद्धारका लागि हालसम्म नेपाली सेना र निजी गरी १६ वटा हेलिकप्टरबाट ९९ हवाई उडान भएको।

## राहत

### नेपाल सरकारबाट नगद

- रसुवा : १ करोड
- नुवाकोट : १ करोड
- धादिङ : ५० लाख
- १५ पालिकालाई ६ करोड ७५ लाख

## इन्धन

- नुवाकोटमा भैरवी/सुर्यमती/पञ्चकन्या आयल स्टोरमा डिजल ४१ हजार लिटर र पेट्रोल २४ हजार लिटर मौज्दात रहेको।
- हवाई इन्धन १७ हजार लिटर नुवाकोटमा पठाइएको।

सम्पर्कविहीन विदेशी नागरिक तथा विदेश बस्ने नेपालीहरू, उपचाररत व्यक्तिहरू र हेलिकप्टरबाट उद्धार गरिएका व्यक्तिहरूको विवरण प्राधिकरणको फेसबुक पेज र वेबसाइटमा हेर्न सकिन्छ।

# रसुवाको भोटेकोशी बाढीसम्बन्धी खोज, उद्धार तथा राहत अपडेट-२०८३

## स्थिति प्रतिवेदन # ०७

(मिति: २०८३ भदौ १२ गते साँझ ७ बजे सम्मको)

यो प्रतिवेदन राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण (NDRRMA) ले जिल्ला प्रशासन कार्यालय, जिल्ला तथा राष्ट्रिय आपत्कालीन कार्य सञ्चालन केन्द्रहरूबाट प्राप्त विवरणका आधारमा तयार गरेको हो। प्रतिवेदनमा रसुवाको भोटेकोशी बाढीबाट सिर्जित आपत्कालीन अवस्था तथा खोज तथा उद्धारका क्रममा भएका प्रमुख कार्यहरू समेटिएका छन्।

## स्वास्थ्य संस्थाहरूमा उपचाररत घाइतेहरूको विवरण

| Name of Health Facility | Total | Under Treatment | Referred | Discharged | Remarks |
|---|---|---|---|---|---|
| Rasuwa District Hospital, Dhunche | 73 | 0 | 24 | 48 | 1 |
| Trishuli Hospital, Bidur, Nuwakot | 17 | -- | 2 | 15 | -- |
| Ayurvedic Hospital, Pipaltaar, Nuwakot | 16 | 15 | 1 | -- | -- |
| National Trauma Center, Mahabouddha | 38 | 15 | 1 | 21 | 1 |
| Shree Birendra Hospital, Chhauni | 1 | 1 | -- | -- | -- |
| TUTH, Kathmandu | 48 | 26 | -- | 21 | 1 |
| NAMS/Bir Hospital | 14 | 2 | -- | 12 | -- |
| Patan Academy of Health Sciences, Lalitpur | 1 | -- | -- | 1 | -- |
| Manmohan Memorial Medical College & Teaching Hospital, Swyambhu | 1 | -- | -- | 1 | -- |
| Norvic International Hospital | 3 | 1 | -- | 2 | -- |
| Manmaiju Subham Hospital | 2 | 2 | -- | -- | -- |
| Greencity Hospital | 2 | 1 | 1 | -- | -- |
| HAMS | 1 | 1 | -- | -- | -- |
| Grande International Hospital | 2 | 2 | -- | -- | -- |
| **Total** | **219** | **66** | **29** | **121** | **3** |

Updated as of 18:30 hrs, 28 Aug 2026

Situation Report on Health Sector Response to Flash Flood in Rasuwa #3 | 28 August 2026

### प्रभावित स्वास्थ्य संस्थाहरू

पूर्ण क्षति (Fully Damaged)

- स्याफ्रुबेंसी स्वास्थ्य चौकी, रसुवा (पूर्ण क्षति)
- टिमुरे स्वास्थ्य चौकी, रसुवा (पूर्ण क्षति)
- टिमुरे स्वास्थ्य डेस्क, रसुवागढी (पूर्ण क्षति)

पहुँच अवरुद्ध (Access Disruptions)

- धादिङ अस्पताल
- त्रिशूली अस्पताल

आंशिक क्षति (Partially Damaged)

- बैरेनी अस्पताल, गल्छी (आंशिक क्षति)

# रसुवाको भोटेकोशी बाढीसम्बन्धी खोज, उद्धार तथा राहत अपडेट-२०८३

**स्थिति प्रतिवेदन # ०७**

(मितिः२०८३ भदौ १२ गते साँझ ७ बजे सम्मको)

यो प्रतिवेदन राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण (NDRRMA) ले जिल्ला प्रशासन कार्यालय, जिल्ला तथा राष्ट्रिय आपत्कालीन कार्य सञ्चालन केन्द्रहरूबाट प्राप्त विवरणका आधारमा तयार गरेको हो। प्रतिवेदनमा रसुवाको भोटेकोशी बाढीबाट सिर्जित आपत्कालीन अवस्था तथा खोज तथा उद्धारका क्रममा भएका प्रमुख कार्यहरू समेटिएका छन्।

## जिल्ला सुरक्षा समितिको (धादिङ) बैठको निर्णयहरुः

- आकस्मिक रुपमा आएको बाढीको कारण उत्पन्न विपद्को अवस्थाको बारेमा छलफल एवं समीक्षा गरियो।
- राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणद्धारा भोटेकोशी नदीको तल्लो तटीय क्षेत्रमा सतर्कता अपनाउन अनुरोध भएको र त्रिशुली नदीमा अचानक बाढीको जोखिम बढ्न सक्ने भएकाले त्रिशुली नदीको दुवै किनारतर्फ बस्ने नागरिक जोखिमयुक्त स्थानबाट टाढा सुरक्षित रहन सुरक्षा निकाय/पालिका/संचार माध्यम मार्फत सबै तटीय क्षेत्रको आसपास बस्ने नागरिकलाई अनुरोध गर्ने र उक्त सचेतीकरण तथा सावधानी कार्य सबै सुरक्षा निकायहरूले समन्वयात्मक रुपमा गर्ने/गराउने।
- आकस्मिक बाढीको कारण यस जिल्लाको गल्छी, गजुरी र बेनीघाट रोराङ गाउँपालिका निवासी विपन्ना परेका करिब १५० घरधुरीलाई तत्काल राहतको रुपमा आवश्यक तपशिलमा उल्लेखित सामग्रीहरू गृह मन्त्रालय मार्फत नेपाल सरकारसँग माग गर्ने।

## रसुवा जिल्लाका Shelter मा रहेका विवरण

- बोगटिटार - निलकण्ठ प्रा.वि. Selter - २५० जना (नेत्रावती)
- कालिकास्थान - हिमालयन क्याम्प - २५० जना (कालिका)
- मेलुङ - ४०० जना (हाइड्रो क्षेत्र)
- डाँडागाउँ - स्कुल नजिक - २०-२५ जना
- राम्चे स्कुल - ४० जना
- हाकु - ४०-५० जना
- स्याफ्रु स्कुल - ३०-४० जना
- गोङ्गा बाधा केही माथि - ८-१० जना
- ठूलो स्याफ्रु, Selter - ५० जना
- खेर्दि गाउँमा - १०-१२ जना
- खाल्टे, बिल्डिङ -१५० जना
- खाल्टे, बिल्डिङ -१२७० जना

## सडक अवरोध हटाउने कार्य सम्बन्धि विवरण

- त्रिशुली - ढुङ्गे खण्डमा ४ वटा उपकरणहरूले पुनः काम सुरु गरेका छन्।
- गल्छी - देवीघाट खण्डमा गल्छीतर्फबाट १ वटा लोडर परिचालन गरिएको छ।
- सडक विभाग (DoR) का २ वटा उपकरणहरू अझै पनि पृथ्वी राजमार्गमा कार्यरत छन्।

## राहत वितरण

नेपाल सरकारबाट राहत स्वरूप रसुवा जिल्लाका लागि रु १ करोड, नुवाकोटका लागि रु १ करोड, धादिङका लागि रु ५० लाख र १५ पालिकालाई रु ६ करोड ७५ लाख गरी कुल रु ९ करोड २५ लाख राहत रकम पठाइएको छ।

# रसुवाको भोटेकोशी बाढीसम्बन्धी खोज, उद्धार तथा राहत अपडेट-२०८३

## स्थिति प्रतिवेदन # ०७

(मितिः२०८३ भदौ १२ गते साँझ ७ बजे सम्मको)

यो प्रतिवेदन राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण (NDRRMA) ले जिल्ला प्रशासन कार्यालय, जिल्ला तथा राष्ट्रिय आपत्कालीन कार्य सञ्चालन केन्द्रहरूबाट प्राप्त विवरणका आधारमा तयार गरेको हो। प्रतिवेदनमा रसुवाको भोटेकोशी बाढीबाट सिर्जित आपत्कालीन अवस्था तथा खोज तथा उद्धारका क्रममा भएका प्रमुख कार्यहरू समेटिएका छन्।

## राहत वितरण

| क्र.स. | जिल्ला | स्थानीय तह | प्रभावित वडा संख्या | वितरण गरिएको रकम |
|---|---|---|---|---|
| १ | रसुवा | उत्तरगया | ४ | ७५ लाख |
| | | गोसाइँकुण्ड | ४ | १ करोड |
| | | कालिका | १ | ३० लाख |
| | | आमाछोदिङमो | २ | २० लाख |
| २ | नुवाकोट | विदुर | ११ | १ करोड ५० लाख |
| | | बेलकोटगढी | ३ | ७५ लाख |
| | | किस्पाङ | १ | २५ लाख |
| | | तारकेश्वर | २ | ५० लाख |
| ३ | धादिङ | गल्छी | ५ | ३० लाख |
| | | सिद्धलेक | ४ | २० लाख |
| | | गजुरी | ४ | २० लाख |
| | | बेनीघाट रोराङ | ६ | २० लाख |
| ४ | गोरखा | गण्डकी | ४ | २० लाख |
| ५ | तनहुँ | देवघाट | २ | २० लाख |
| | | आँबुखैरेनी | २ | २० लाख |

### त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल आपत्कालीन गोदामघरबाट जिल्लामा राहत पठाएको विवरण

- दुईवटा हेलिमा अक्सिजन सिलिण्डर र मेडिकल सामग्रीहरु त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट रसुवा र नुवाकोट पठाइएको।
- एक ट्रक खाद्य तथा गैरखाद्य सामग्री धादिङ पठाइएको।
- नुवाकोट र रसुवाका लागि Dead body bags, PPE Set, Tent, Sanitizer लगायतका सामग्री बोकेको एक ट्रक पठाइएको।
- रसुवा धुन्चेका लागि दुई बलेरो इन्धन र लजिष्टिक सामग्रीहरु एवं तीन बलेरो खाद्य सामग्री पठाउन तयारी हालतमा राखिएको।
- मैथली ब्यारेक बट्टार नुवाकोटबाट रसुवाका लागि हेलि मार्फत खाद्य सामग्री पठाइएको तर मौसम बिग्रेको कारण अपेक्षा अनुसार पठाउन नसकिएको।

# रसुवाको भोटेकोशी बाढीसम्बन्धी खोज, उद्धार तथा राहत अपडेट-२०८३

**स्थिति प्रतिवेदन # ०७**

(मिति:२०८३ भदौ १२ गते साँझ ७ बजे सम्मको)

# जिल्लाबाट प्राप्त तत्काल आवश्यक राहत सामग्रीको विवरण

## गैर-खाद्य सामग्री

| क्र.सं. | सामग्री विवरण | इकाई | रसुवा | नुवाकोट | धादिङ |
|---|---|---|---|---|---|
| १ | चामल | के.जी. | ३७५० | ३००० | ७५००० |
| २ | दाल | के.जी. | ७५० | | १५००० |
| ३ | चिउरा | के.जी. | ७५० | २०० | १५००० |
| ४ | पकाउने तेल | लिटर | ३०० | | ६००० |
| ५ | Noodles | गोटा | १००० | | |
| ६ | Snacks | गोटा | १००० | | |
| ७ | Packet Food | गोटा | १००० | | |
| ८ | नुन | के.जी. | १५० | | ३००० |
| ९ | आलु, प्याज | के.जी. | १५०० | | ३०००० |
| १० | तयारी खाना (बिस्कुट, चाउचाउ) | कार्टुन | १५० | ५०० | ३००० |
| ११ | इनि बिस्कुट | कार्टुन | १५० | १०० | ३००० |
| १२ | फ्रुटी | प्याकेट | ५०० | | |
| १३ | भालमोट, भुजिया | प्याकेट | ५०० | | |

## खानेपानी तथा सरसफाई

| क्र.सं. | सामग्री | इकाई | रसुवा | धादिङ |
|---|---|---|---|---|
| १ | पानी शुद्धीकरण ट्याब्लेट, पीयूष | वटा | १५० | ३००० |
| २ | बाल्टी र मग सेट | सेट | १५० | ३००० |
| ३ | साबुन (लुगा धुने नहुने) | वटा | ९०० | १८००० |
| ४ | दन्त मञ्जन र ब्रस किट | किट | १५० | ३००० |
| ५ | स्यानिटरी प्याड | थान | १००० | २०००० |
| ६ | खानेपानी (बोतल) | क्यारेट | ५०० | ३०० |

# जिल्लाबाट प्राप्त तत्काल आवश्यक राहत सामग्रीको विवरण

## खानेपानी तथा सरसफाई

| क्र.सं. | सामग्री | इकाई | रसुवा | नुवाकोट | धादिङ |
|---|---|---|---|---|---|
| १ | त्रिपाल | थान | ३०० | | ६००० |
| २ | प्लाष्टिक म्याट | थान | ३०० | ५० | ६००० |
| ३ | कम्बल | थान | ६०० | ५० | १२००० |
| ४ | डोरी | मिटर | १५०० | | ३०००० |
| ५ | चप्पल | जोर | ३०० | | ६००० |
| ६ | जुत्ता | जोर | ३०० | | ६००० |
| ७ | लगाउने, ओछ्याउने, फेर्ने सलुत कपडा | जोर | ६०० | | |
| ८ | छाता वा रेनकोट | थान | ३०० | | |
| ९ | Tripaulin | थान | १०० | | |
| १० | Chinese Tent | थान | ५० | | |
| ११ | Stretcher | गोटा | २५ | | |
| १२ | First Aid Kit | थान | २५ | | |
| १३ | रबर म्याट | थान | १०० | | |
| १४ | Folding Bed | थान | ५० | | |

## स्वास्थ्य तथा संकटकालीन उपकरण

| क्र.सं. | सामग्री | इकाई | रसुवा | धादिङ |
|---|---|---|---|---|
| १ | प्राथमिक उपचार किट | थान | १५० | ३०० |
| २ | रिचार्ज हेडटर्च र सोलार लाईट | सेट | १५० | ३००० |
| ३ | पकाउने भाँडाकुँडा सेट | सेट | १५० | ३००० |
| ४ | झुल | पिस | ६०० | १२००० |

# रसुवाको भोटेकोशी बाढीसम्बन्धी खोज, उद्धार तथा राहत अपडेट-२०८३

**स्थिति प्रतिवेदन # ०७**

(मितिः२०८३ भदौ १२ गते साँझ ७ बजे सम्मको)

## नुवाकोट जिल्लाको प्रारम्भिक द्रुत लेखाजोखा विवरण

### मानवीय क्षति

९५ जनाको मृत्यु

४१४ जना बेपत्ता

१८५ जना घाइते

### निजी आवास

पूर्ण क्षतिः १,२६७ घरधुरी

आंशिक क्षतिः १,२५३ घरधुरी

### प्रभावित तथा विस्थापित

३०९५ प्रभावित परिवार

१,८९७ घरधुरी विस्थापित

### अस्थायी आश्रय स्थल (विस्थापित समुदायहरु हाल बसिरहेको स्थल)

| गाउँ/नगरपालिकाको नाम | कूल विस्थापित घरधुरी | विद्यालय | सार्वजनिक भवन | अन्य (आफन्त) | तत्काल अस्थायी आवासको आवश्यकता |
|---|---|---|---|---|---|
| बेलकोटगढी ५, ८, ७ | ३८३ | १८० | ४० | १६३ | ३८३ |
| विदुर १०, ३, ७, १, ६, ५, ४ | १४५२ | ७४७ | ११२५ | ५२० | २३९२ |
| तारकेश्वर ४ | २२ | ० | ० | २२ | २२ |
| किस्पाङ ५ | ४० | ४० | ० | ० | ४० |
| जम्मा | १८९७ | ९६७ | ११६५ | ७०५ | २८३७ |

### जीविकोपार्जनमा परेको प्रभाव

| गाउँ/नगरपालिकाको नाम | कृषि बाली (विघा / रोपनी) | पशु चौपाया क्षति | पंक्षी क्षति |
|---|---|---|---|
| बेलकोटगढी ५, ८, ७ | १५४० | १०० | २७०० |
| विदुर १०, ३, ७, १, ६, ५, ४ | २५०० | १७३० | १२८०० |
| तारकेश्वर ४ | २०० | ५ | ० |
| किस्पाङ ५ | २०० | २०० | १००० |
| जम्मा | ४४४० | २०३५ | १६५०० |

## पूर्वाधार तथा सेवाको अवस्था

- सडक तथा पुलः सबै पालिकाहरूमा यातायात सेवा अवरुद्ध वा कठिन अवस्थामा छ। विदुरमा १० किमी सडक, १ आरसीसी पुल र १ झोलुंगे पुल क्षति भएको छ। किस्पाङमा २ वटा पक्की पुल र १ वटा झोलुंगे पुल पूर्ण रूपमा नष्ट भएका छन्।
- ऊर्जा तथा जलविद्युत्: किस्पाङमा ३ वटा जलविद्युत् आयोजना, नेपाल विद्युत् प्राधिकरणको पावर स्टेशन र ४ वटा हाई टेन्सन ट्रान्समिसन टावरमा क्षति पुगेको छ।
- खानेपानी तथा सरसफाइः ९५१ वडा/प्रणालीमा खानेपानी अवरुद्ध भई १,२९८ घरधुरी प्रभावित भएका छन्। १,५८८ घरधुरीका लागि तत्काल शौचालयको व्यवस्थापन आवश्यक छ।
- संचार तथा विद्युत्: धेरै वडाहरूमा विद्युत् तथा संचार सेवा अवरुद्ध भएकाले बेपत्ता व्यक्तिहरूसँग सम्पर्क गर्न कठिनाइ भइरहेको छ।

कृषि तथा जीविकोपार्जनमा क्षतिः

- कृषि बालीः कुल ४,४४० रोपनी/विघा क्षेत्रफलको कृषि बालीमा क्षति पुगेको छ।
- पशुचौपाया तथा पक्षीः कुल २,०३५ पशुचौपाया र १६,५०० पक्षीको क्षति भएको छ (विदुरमा सबैभन्दा बढी १,७३० पशुचौपाया र १२,८०० पक्षीको क्षति भएको छ)।